सार्वजनिक सेवा प्रसारण नेपाल
Public Service Broadcasting Nepal

रेडियो नेपाल　　　　नेपाल टेलिभिजन

## सार्वजनिक सेवा प्रसारण
## नेपाल टेलिभिजन

### समाचार वाचक/सम्पादक/प्रस्तोता आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/११/१२

नेपाल टेलिभिजन समाचार च्यानलनका लागि **करार सेवामा** समाचार वाचक, सम्पादक, प्रस्तोता (नेपाली/अङ्ग्रेजी) आवश्यक भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम नेपाल टेलिभिजनको वेभसाइट www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**देहाय :**

आवश्यक संख्या :- अंग्रेजी र नेपाली गरी जम्मा ७ (सात) जना ।

| क्र.सं. | विज्ञापन न. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | क०१/०८१/८२ | समाचार वाचक/सम्पादक/प्रस्तोता<br><br>अंग्रेजी :-<br><br>नेपाली :- | <br><br>२ जना<br><br>५ जना (१ जना महिला सहित) | |

१. **न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट पत्रकारिता विषयमा कम्तिमा स्नातक उत्तीर्ण गरेको वा अन्य विषयमा स्नातक तह उत्तीर्ण गरी टेलिभिजन समाचार वाचन, सम्पादन र रिपोर्टिङ्ग/कार्यक्रम प्रस्तोताका रुपमा कम्तिमा १ वर्षको अनुभव प्राप्त गरेको ।

२ लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत वर्ग/समुदायका हकमा पत्रकारिता बिषयमा कम्तिमा कक्षा १२ उत्तीर्ण गरेको वा कक्षा १२ उत्तीर्ण गरी सञ्चार माध्यममा पत्रकारिता सम्बन्धी कम्तिमा ६ महिनाको अनुभव प्राप्त गरेको । समाचार प्रस्तुतिमा दक्ष र सम्बन्धित भाषामा राम्रो ज्ञान भएका उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।

३. **उमेर हद** : सूचना प्रकाशित भएको मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिला र अपाङ्गता भएकाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत वर्ग/समुदायका हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

४. **कामको किसिम :** समाचार सम्पादन, वाचन, रिपोर्टिङ्ग ।

५.	**सेवाको किसिम / पारिश्रमिक :** आपसी सहमतिमा काम गरेको दिनको शिफ्ट बेसिसमा नेपाल टेलिभिजन कार्यक्रम उत्पादन खर्चको दररेट तथा मापदण्ड २०७३ (दोस्रो संशोधन २०७६) बमोजिम  संझौता अनुसारको पारिश्रमिक पाउने छ । सम्झौता अवधि चालु आ.व.का लागि २०८२ असार मसान्तसम्म हुनेछ । त्यसपछि कार्य सम्पादन मूल्याङ्कनका आधारमा करार सम्झौता अवधि थप गर्न सकिने छ ।

६.	**छनोटको किसिम :** प्राप्त भएका दरखास्तलाई **शैक्षिक योग्यता, समावेशिता, सम्बन्धित विषयको कार्यानुभव, तालिम, भिडियो रेकर्ड प्रस्तुतिका आधारमा** प्रारम्भिक छनौट गरी उम्मेदवारको प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा लिइने छ ।

७.	**दरखास्त बुझाउने अन्तिम मिति र स्थान :** २०८१ फागुन १८ गते आइतबारभित्र दरखास्त फारममा आवश्यक विवरण भरी नागरिकताको प्रमाणपत्र, पछिल्लो शैक्षिक योग्यता, तालिम, अनुभव आदिको प्रमाणपत्रका प्रतिलिपि र बढीमा २ मिनेटको  भिडियो रेकर्ड प्रस्तुति वा कार्यानुभव भएकाको हकमा भिडियो लिंक सहित नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरवार वा सार्वजनिक सेवा प्रसारण नेपालको इमेल ठेगानाः psbntv@gmail.com मा बुझाउन सकिनेछ ।

८.	प्रारम्भिक छनौट भएका उम्मेदवारको नामावली र परीक्षा कार्यक्रम दरखास्त दिने अन्तिम मितिले ५ दिनभित्र नेपाल टेलिभिजनको वेभसाइट ntv.org.np मा राखिनेछ ।

९.	समाचार लेखन र भाषा शैली तथा अंग्रेजी समाचारको हकमा भाषा अनुवाद परीक्षासमेत लिइने छ ।

१०.	म्याद नाघी आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**पुनश्चः** यसअघि मिति २०७९/०६/०४ मा समाचार प्रस्तोता सम्वन्धी सूचना प्रकाशित भई स्थगन भएकोमा आर्थिक वर्ष २०७९/८० को लागि माग भएको र कार्यक्रमको समेत अवधि सकिएकोले उक्त सूचना रद्ध भएको जानकारी गराइन्छ ।